**बैठक संख्या : ५९   मिति : २०७६।०५।२९ गते**

**बैठक संख्या : ५९** **स्थान : राप्ती नगरपालिका**

**मिती : २०७६।०५।२९ गते   समय : साझ ५ : ०० बजे**

यस राप्ती नगरपालिका , नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**<u>उपस्थिति</u>**

नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई   सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

क.अ. श्री रमेश चौधरी

**बैठक संख्या : ५९      मिति : २०७६।०५।२९ गते**

**प्रस्तावहरु**

१. शाखागत रुपबाट आएको बजेट स्वीकृत गर्ने सम्बन्धमा ।

२. कालिटार एकिकृत बस्ती विकास योजनाको लागि प्रस्ताव पठाउने सम्बन्धमा ।

३. शिक्षकको आन्तरिक सरुवा सम्बन्धमा ।

४. शुल्क वृद्धि गर्ने शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

५. सट्टा शिक्षक राख्ने भन्ने शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

६. धान जोन, चिस्यान केन्द्र र संकलन केन्द्र राख्ने सम्बन्धमा ।

७. भास्माडी गैंडाताल र दाना उद्योगको बजेट सम्बन्धमा ।

८. स्वीसको कार्यक्रम बाँडफाड गर्ने सम्बन्धमा ।

९. साविक कोराक गा.वि.स.ले खरिद गरेको जग्गामा परेको मुद्धामा अधिकार दिइ पठाउने बारे ।

१०. **'घ'** वर्गको निर्माण व्यवसायी इजाजत पत्र अनुमोदन गर्ने सम्बन्धमा ।

११. ११ नं. वडा कार्यालय व्यवस्थापन सम्बन्धमा ।

१२. गरिमा नामको धानबालीको क्षेत्री पूर्ती दिने सम्बन्धमा ।

१३. डेङ्गो रोग नियन्त्रण सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिका आ.व. ०७६/७७ को लागि शाखागत रुपमा विनियोजन गरिएका बजेटबाट शाखाहरुबाट प्राप्त वार्षिक कार्यक्रम तयार गरी पेश भएकोमा मिति २०७६।०३।०८ को कार्यपालिकाको बैठकबाट उपप्रमुख श्री इमानसिंह लामाको संयोकत्वमा गठित समितिले सिफारिस गरि आएका योजनाको सम्बन्धमा शिक्षामा थप १-९ सम्मका विद्यालयका अति विपन्न विद्यार्थीलाई विशेष सहयोग गर्ने गरी अनुदान सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा "**विकास प्राप्त गर्न र पुर्यासउन**" कठिन रहेको स्थानमा बसोबास गरेका नागरिकहरुलाई एकिकृत रुपमा बस्ती बसाई सवै सुविधा छिटो पुर्याउन राप्ती-१३ कालिटारमा एकिकृत बस्ती विकास योजना संचालन गर्न राष्ट्रिय योजना आयोग, तराई मधेश समृद्धि कार्यक्रम लगायतका निकायमा करिव रु १०,००,००,०००। दश करोडको योजना प्रस्ताव गरी माग गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ५९      मिति : २०७६।०५।२९ गते**

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राप्ती नगरपालिका भित्र संचालनमा रहेका विद्यालयहरुमा कार्यरत शिक्षकहरुलाई आन्तरिक रुपमा सरुवा गर्न नगर शिक्षा समितिबाट निर्णय भएकोमा सो कार्यान्वयनको लागि कार्यविधि बनाई सो बमोजिम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा संस्थागत विद्यायनहरुले विगत तीन वर्ष देखी विद्यार्थीहरु एक दरको शुल्क लिदै आएको र तीन वर्ष शुल्क पछि शुल्क बढाउन पर्ने माग भएको सन्दर्भमा नेपाल सरकारले कर्मचारी शिक्षक लगायतको २०% सम्म तलब बढाउने गरेको निर्णय मुल्य वृद्धि तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शुल्क बढाउन आवश्यक रहेको सन्दर्भमा नगर शिक्षा समितिबाट निर्णय भइ आए बमोजिम विद्यालय आफुले निर्णय गरी बढीमा २३.४८ सम्म शुल्क वृद्धि गर्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं.  ५ माथि छलफल गर्दा  नगर शिक्षा समितिमा भएको निर्णय वीरेन्द्र आदर्श मा.वि. वीरेन्द्रनगर राप्ती-७ मा कार्यरत शिक्षक सोमनाथ तिवारीलाई स्रोत शिक्षकको रुपमा काममा लगाउन काजमा राखिएको हुँदा निजको सट्टामा निज फर्कि नगए सम्म वा अर्को व्यवस्था नभए सम्मको लागि करारमा शिक्षक राख्न अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा  UNDP समेतको सहयोगमा संचालित सहकारी बजार विकास कार्यक्रम CMDP बाट तरकारी संकलन केन्द्र र चिस्यान भण्डारण निर्माण गरी दिने भन्ने जानकारी हुन आएकोले साना किसान सहकारी संस्था राप्ती-५ भण्डारासँग समन्वय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा  राप्ती-६ मा निर्माण भएको मस्माडी गैडा ताल र राप्ती-४ गत आ.व.मा निर्माण तथा स्थापना भएका संरचनाहरुको लागि थप कार्य गर्ने सम्बन्धमा दाना उद्योगको संचालन कार्यविधि माग गरी ताल र दाना उद्योगलाई प्रदेशबाट दिइएको बजेटको २०% दिने निर्णय गरियो

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा  नेपाल सरकार, स्वीस सरकार, राप्ती नगरपालिका र उपभोक्ता समिति समेतको संयुक्त लागतमा संचालन गरिने योजनाहरु छनौट गर्न सिल्ट कन्सल्टेन्ट र राप्ती नगरपालिकाको सम्बन्धित वडाका जनप्रतिनिधि समेतबाट संयुक्त अनुगमन गरी योजना छनौट गर्ने निर्णय गरियो ।

**बैठक संख्या : ५९      मिति : २०७६।०५।२९ गते**

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा श्री चितवन जिल्ला अदालतबाट जारी भएको म्याद संवत २०७६ सालको रिट नं. ०७६- C४-००२६ विषय : जालसाझी मुद्धाको विषयमा राप्ती नगरपालिका-१० बस्ने मान कुमार चेपाङले राप्ती वडा नं. १० साविक कोराक गा.वि.स. ले खरिद गरेको जग्गामा उक्त मुद्धामा राप्ती नगरपालिकालाई समेत विपक्षी बनाएको हुँदा सो मुद्धामा यस नगरपालिका र राप्ती नगरपालिका वडा नं. १० को तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने गरी यस कार्यालयको अधिकृत स्तर छैटौ तहका श्री राजेन्द्र मैनालीलाई अधिकार दिई पठाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७४ को बुदा ३ बमोजिम इजाजत पत्र दिदा कार्यपालिकाको निर्णयबाट प्रदान गर्नुपर्ने व्यवस्था भएको तर विविध कारणले निम्न ४ वटा निर्माण व्यवसायीहरुलाई कार्यपालिका बैठकबाट अनुमोदन गर्ने गरी इजाजत पत्र प्रदान गरिएको हुदा सो अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. पेरिशा कन्सट्रक्सन एण्ड सप्लायर्स फर्म राप्ती – १
२. ललित निर्माण सेवा राप्ती-६
३. दुर्गा भवानी कन्सट्रक्सन राप्ती – ३
४. एम. जी. कन्सट्रक्सन राप्ती-५

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा राप्ती-११ को वडा कार्यालयमा मिति २०७६।०५।०५ गते राती अज्ञात समुहद्धारा आगजानी भइ अध्यक्षको कार्य-कक्ष लगायत अन्य सामाग्री जली नष्ट भएको हुँदा कार्यालय व्यवस्थापनको लागि आवश्यक सामग्री नगरपालिकाबाट पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस नगरपालिका भित्र लगाइएको गरिमा नामको धानवालीमा दाना नलागेको देखिएकोले यस सम्बन्धमा कृषकलाई क्षेती पूर्ति दिलाउन क्षेतीमा अनुमानित विवरण तयार गरी संघीय सरकार, प्रदेश सरकार तथा सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नेपाल महामारीको रुपमा फैलिएको डेङ्गो रोग नियन्त्रणका लागि वडामा संचेतना मुलक कार्यक्रम र लामखुट्टेको लार्भा नष्ट गर्ने कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।